बाँफिकोट गाउँपालिकाको

उपाध्यक्ष

**श्री तारा बुढा के.सीबाट प्रस्तुत**

# आ.व. २०८२/०८३ को
# वार्षिक बजेट वक्तव्य

बाँफिकोट गाउँपालिका

बाँफिकोट, रुकुम पश्चिम भाग

१० असाढ २०८२

**बाँफिकोट गाउँसभाका अध्यक्षज्यू,**

**गाउँसभा सदस्यज्यूहरु,**

**राष्ट्रसेवक कर्मचारी, पत्रकार तथा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु र आम बाँफिकोटबासी आमा बुवा, दाजु-भाई तथा दिदी-बहिनीहरु ।**

संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधानको धारा २३० एवं स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ (१ ) बमोजिम बाँफिकोट गाउँपालिकाको उपाध्यक्षको हैसियतले निर्वाचित कार्यकालको अन्तिम बजेट वक्तव्य बाँफिकोट गाउँ सभाको २० औ अधिवेशनको पहिलो बैठकमा आगामी आर्थिक वर्ष २०८३/८४ को आय/व्ययको अनुमानित बजेट प्रस्तुत गर्न पाउँदा गर्वका साथ खुसी महशुस गरेको छु ।

हालसम्मको प्राप्त उपलब्धिलाई संस्थागत गर्दै बाँफिकोट बासी नागरिकको विकास, सुशासन र समृद्धि प्रतिको आकांक्षा सम्बोधन गर्ने उद्देश्यका साथ प्रस्तुत बजेट तथा कार्यक्रम यस सम्मानित सभा समक्ष पेश गर्ने अनुमति चाहान्छु ।

सर्वप्रथम, नेपालको आर्थिक, सामाजिक तथा राजनीतिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति सम्मान तथा आदरभाव व्यक्त गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणका लागि नेपाली जनताले पटक–पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलनहरु, सशस्त्र संघर्ष लगाएत जेन जि आन्दोलनको इतिहासलाई स्मरण गर्दै नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान, राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहीदहरु प्रति उच्च सम्मान गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

साथै, घाइते, अपाङ्ग, बेपत्ता योद्धाहरुको त्याग, तपस्या र बलिदान तथा अग्रजहरुको अतुलनीय योगदानको उच्च सम्मान प्रकट गर्दै राष्ट्र निर्माणमा उहाँहरुले पुर्याउनु भएको अतुलनीय योगदान प्रति नमन गर्दछु ।

**सभाध्यक्ष महोदय,**

सुशासन, सामाजिक न्याय र समृद्धिको माध्यमबाट बाँफिकोट गाउँपालिकाको सर्वपक्षीय विकासलाई समानुपातिक तथा न्यायोचित वितरणको माध्यमबाट बाँफिकोट गाउँपालिकाको आर्थिक वर्ष २०८३-८४ को नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउनेतर्फ समग्र बजेट तथा कार्यक्रम लक्षित गरेको छु ।

प्रस्तुत बजेट आधारभूत पूर्वाधारको विकास, कृषि क्षेत्रको विकास गर्दै कृषकको आय- आर्जनमा वृद्धि गर्ने, शिक्षाको गुणस्तर सुधार, स्वास्थ्य क्षेत्रमा सेवा विस्तार तथा स्तरोन्नतीमार्फत नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने, पर्यटन प्रवर्द्धन मार्फत स्थानिय अर्थतन्त्रमा टेवा पुर्याउने, उद्यम विकासमार्फत स्थानीय रोजगारी प्रवर्द्धन गर्दै गरिबी न्यूनिकरण गर्ने तथा स्रोत साधनको प्रभावकारी परिचालन गर्दै सार्वजनिक सेवाका नविनतम अवधारणाहरुलाई अंगिकार गरी गुणस्तरीय सेवा प्रवाह गर्नेतर्फ उन्मुख छ ।

बाँफिकोट गाउँपालिकाको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, चालु आवाधिक योजना, दीगो विकास लक्ष्य, प्रचलित कानूनी व्यवस्था, नेपाल सरकार, प्रदेश सरकार र बाँफिकोट गाउँपालिकाको आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य उद्देश्य, मध्यमकालीन खर्च संरचना, बाँफिकोट गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, गाउँसभाका सदस्यहरु, पूर्व जनप्रतिनिधिहरु, गाउँसभामा प्रतिनिधित्व रहेका र नरहेका गाउँपालिकामा सक्रिय राजनीतिक दलहरु, शिक्षक,

बुद्धिजिवी, समाजसेवी, सहकारी, संघसंस्था, लक्षित वर्ग समूहका समूह सञ्जालका प्रतिनिधिहरु तथा राष्ट्रसेवक कर्मचारीहरुबाट प्राप्त सुझाव र नागरिक अपेक्षा र आवश्यकतालाई आधार बनाएको छु ।

बजेट तर्जुमा गर्दा नागरिकको अपेक्षालाई सम्बोधन गर्दै स्थानीय अर्थतन्त्रमा देखिएका समस्या तथा चुनौतिहरुको समाधान गरी आम नागरिकहरुमा आशा र भरोसाको संचार गर्ने जिम्मेवारी बोध गरेको छु । यसका लागि सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारी संयन्त्र, राजनितिक दल, निजि क्षेत्र, नागरिक समाज, विकास साझेदार, गैर सरकारी संस्थाहरु, सामाजिक संस्थाहरु, विदेशमा रहनुभएका नेपालीहरु, शैक्षिक व्यक्तित्व, सञ्चार जगत र आम नागरिकहरुको सहयोग, साथ, समर्पण, सहभागिता, र ऐक्यबद्धताबाट विद्यमान समस्या तथा चुनौतिको सामना गर्दै बजेटले लिएको लक्ष्य हासिल गर्न सकिनेमा विश्वस्त छु ।

**सभाका अध्यक्षज्यू**

गाउँपालिकाले लिएको सोंच अनुसार गाउँपालिकाको समग्र आर्थिक, सामाजिक, पूर्वाधार, वातावरणीय, विपद् जोखिम न्यूनिकरण, वातावरण संरक्षण र समग्र संस्थागत विकासका लागि आवश्यक नीतिगत तथा संस्थागत पूर्वाधारहरु तयार गरी सन्तुलित विकासलाई जोड दिएका छौ ।

विकासका गतिविधिमा सबै नागरिकको सहभागितालाई केन्द्रविन्दु बनाइ प्रतिव्यक्ति आयमा वृद्धि, शैक्षिक गुणस्तर र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्दै समग्र मानव विकासको पक्षमा जोड दिइएको छ।

स्थानीय उत्पादन वृद्धि, उद्यमशिलता र बजारीकरणको क्रमिक विकासले रोजगारी र आर्थिक विकासमा टेवा पुऱ्याएको छ ।

भौतिक पूर्वाधार, शैक्षिक पूर्वाधार, स्वास्थ्य संस्था विस्तार, उर्जा, सूचना प्रविधि लगायत भौतिक पूर्वाधारको क्षेत्रमा क्रमिक विकास गर्दै समुन्त गाउँपालिकाको रुपमा विकास गर्ने कार्यमा हामी निरन्तर प्रयासरत छौ ।

सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय,पारदर्शी र सर्वशुलभ बनाइ सेवा प्रवाहमा नागरिकको पहुँच सुनिश्चित गर्नु गाउँपालिका अन्तरगतका वडा कार्यालय, विषयगत शाखा, इकाई तथा कार्यालयबाट प्रशासनिक सेवा छिटो, छरितो र प्रभावकारी ढङ्गले प्रवाह हुने व्यवस्था मिलाइएको छ । उपलब्ध जनशक्तिलाई दक्ष, सीपयुक्त र कार्यजिम्मेवारी प्रति समर्पित बनाउन जोड दिइएको छ।

**सभाका अध्यक्षज्यू,**

अब म गाउँपालिकाको विद्यमान आर्थिक स्थिति र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समिक्षा संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

चालु आर्थिक वर्षको हालसम्म स्थानीय सञ्चित कोषमा नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान बापत रु. ८ करोड ७७ लाख, सशर्त अनुदान चालु वापत रु. १९ करोड २८ लाख र सशर्त अनुदान पूँजीगत वापत रु. ३ करोड ४२ लाख, समपूरक अनुदान वापत १ करोड ०४ लाख, विशेष अनुदान वापत रु. १  करोड ३० लाख प्राप्त भएको छ भने कर्णाली प्रदेश सरकारबाट समानीकरण अनुदान वापत रु. १ करोड ४ लाख ८९ हजार, सशर्त अनुदान वापत रु.  २ करोड ३६ लाख ४४ हजार, विशेष अनुदान वापत रु. ५०  लाख प्राप्त भएको छ । नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँडबाट रु. ९ करोड ८४ लाख ४४ हजार ९ सय ८ रुपैयाँ, प्रदेश सरकारबाट सवारी साधन कर राजस्व बाँडफाँडबाट रु. १६ लाख ४६ हजार ६ सय ५५ र आन्तरिक आयतर्फ रु. ७९ लाख रुपैयाँ विनियोजन गरिएको थियो ।

**अध्यक्ष महोदय,**

विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासनका लागि राजनीतिक संयन्त्र, व्यवसायिक कर्मचारीतन्त्र र सहयोगी समाजको सहयोगमा पालिकामा उपलब्ध प्राकृतिक तथा मानवीय लगायत सबै प्रकारका स्रोत तथा साधनको कुशलतापूर्वक परिचालन र उपयोग गर्दै सुशासन, विकास र समृद्धिमार्फत नागरिकको जीवनस्तरमा सकारात्मक एवं गुणात्मक परिवर्तन र समृद्ध पालिका निर्माण गर्न बजेट विनियोजन गरिएको छ।

बाँफिकोट गाउँपालिकाको बजेट विनियोजनको अवस्थालाई सुधार गर्दै विनियोजन कुशलता र खर्च व्यवस्थापन गरी आर्थिक स्रोतको कुशल परिचालन मार्फत बाँफिकोट गाउँपालिकाको हस्तान्तरित दायित्व रकम आर्थिक वर्ष २०८२-८३ बाट शुन्यमा राख्ने र आर्थिक वर्ष २०८३-८४ को बजेट प्रस्तुत दायित्व विहिन हुने गरी बजेट विनियोजन गरिएको छ।

आगामी आर्थिक वर्ष २०८३-८४ शिक्षा सुधारको गुणस्तर सुधार वर्षको रुपमा लिई शिक्षाको गुणस्तर सुधारमा विशेष केन्द्रित भई बजेट तर्जुमा गरिएको छ।

**अध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा तपसिल बमोजिमका बजेटका उद्देश्यहरु रहेका छन् :

1. दिगो उत्पादन, रोजगारी र आयआर्जनमा वृद्धि गरी आर्थिक विकासमा सहयोग गर्ने,
2. गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा सहज रुपमा उपलब्ध गराइ मानव विकास गर्ने,
3. दिगो र विपद् प्रतिरोधी भौतिक पूर्वाधारहरुको विकास तथा विस्तारमार्फत सुरक्षित संरचना र संस्थागत विकासमा जोड दिने,
4. समतामूलक, सामाजिक न्यायपूर्ण सभ्य समाजको निर्माण र सरकारको प्रभावकारिता अभिवृद्धि गरी सुशासन प्रवर्द्धन गर्ने,
5. कृषि, उद्योग, पर्यटन र सेवा क्षेत्रहरुमा उत्पादन तथा रोजगारी वृद्धि गरी गरिबी न्यूनीकरण गर्ने,
6. स्रोत र साधनको अधिकतम उपयोग र प्रभावकारी परिचालन गरी आत्मनिर्भर अर्थतन्त्रको विकास गर्दै सन्तुलित विकास गर्ने,
7. सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय,पारदर्शि र सर्वशुलव बनाइ सेवा प्रवाहमा नागरिकको पहुँच सुनिश्चित गर्ने।

यी उद्देश्यहरु हासिल गर्नको लागि आर्थिक वर्ष २०८३/८४ को बजेटका प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरिएको छः

1. गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई,
2. स्थानीय उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारण,
3. कृषि, पर्यटन, उद्योग तथा मानव संशाधन विकास,
4. अन्तरसम्बन्धित पूर्वाधार विकास र पूँजी निर्माण,
5. घरेलु तथा साना उद्योग प्रवर्द्धनबाट उत्पादन र उत्पादकत्व वृद्धि र बजारीकरणमा जोड,
6. पर्यटनको विकास तथा प्रवर्द्धन,
7. विपद् व्यवस्थापन, वन तथा भू–संरक्षण, जलवायु परिवर्तन अनुकूलन।
8. संस्थागत विकास तथा शासकीय सुधारमार्फत विधिको शासन, सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता र विकासमा नागरिकको जनसहभागिता सहितको सुशासनमा प्रवर्द्धन,

**अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८३/८४ को व्ययको अनुमान यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु।

१. नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान, राजस्व बाँडफाँड वापत प्राप्त हुने रकम, आन्तरिक आयबाट प्राप्त हुने रकमलाई अनिवार्य दायित्व, क्रमागत आयोजना, पालिकास्तरीय आयोजना र वस्तीस्तरबाट माग भएका वडास्तरीय आयोजनाहरुमा आवश्यक बजेट विनियोजन गरेको छ ।

२. सङ्घीय सशर्त अनुदानतर्फ रु. **२२ करोड ६३ लाख** र प्रदेश सशर्त अनुदानतर्फ रु. २ करोड १ लाख विनियोजन भएको छ । संघीय सशर्त अनुदानका रुपमा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त आयोजना तथा कार्यक्रमहरु पालिकाको प्राथमिकताको आधारमा छनौट गरी प्राप्त मार्गदर्शन बमोजिम समयमै कार्यान्वयन गर्ने व्यवस्था मिलाउनेछौं ।

३. नेपाल सरकारबाट प्राप्त समपुरक अनुदानतर्फ मग्मा स्वास्थ्य चौकी भवन निर्माण आयोजना बाँफिकोट ६ शीर्षकमा ३ वर्षको लागि ३ करोड विनियोजन स्वीकृत भएकोमा यस आर्थिक वर्षमा निर्माणका लागि रु. ६० लाख र गाउँपालिकाबाट साझेदारी गर्न रु. ३० लाख गरी कुल ९० लाख विनियोजन गरेको छु । प्रदेश सरकारबाट स्वीकृत भई आएका समपूरक अनुदानतर्फको रातापानी मैचु ठूलाढुङ्गा डाडागाउँ नदुवा सडक निर्माण आयोजना र सानोभेरी तार्सुकाडा सडक निर्माण तथा स्तरोन्नति आयोजनाहरुमा कर्णाली प्रदेश सरकारबाट रु ६० लाख, ६० लाख विनियोजन गरिएकोमा गाउँपालिकाबाट लागत सहभागिता ४० लाख, ४० लाख सहित **रु. २ करोड** विनियोजन गरेको छु।

४. नेपाल सरकारबाट प्राप्त विशेष अनुदानतर्फ पोषणमैत्री स्थानीय तह र स्वास्थ्य उत्पादकत्वको लागि पुमाजिउला तल्लाबगर जिउला दह सिचाई आयोजना शीर्षकमा २ बर्षको लागि १ करोड विनियोजन स्वीकृत भएकोमा आर्थिक वर्ष २०८३-८४ मा ४५ लाख विनियोजन गरिएको छ । त्यसैगरी, कर्णाली प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान कार्यक्रमतर्फ लक्षित समुदाय सहित कालाखोला बाँफिकोट खानेपानी निर्माण आयोजनाका लागि **रु. ५० लाख** विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म मुख्य मुख्य क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव पेश गर्ने अनुमति चाहन्छु ।

## १. सामाजिक विकास

**स्वास्थ्य:**

१. स्वास्थ्य संस्थाहरुमा औषधी, उपकरण, द्रुत टिम, स्वास्थ्यकर्मीको पर्याप्त व्यवस्था तथा परिचालन, मार्फत आम गाउँपालिकाबासीको स्वास्थ्य सुविधामा सहज पहुँच कायम गर्न स्वास्थ्य क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको रु. ५७ लाख प्रवन्ध मिलाएको छु ।

२. नागरिकहरुलाई घरघरमै स्वास्थ्य सेवा र दीर्घ रोगीहरु, मानसिक रोगी लगायत महामारीको अवस्थामा औषधीको व्यवस्थापन गर्न औषधी खरिद कार्य, मानसिक स्वास्थ्य सेवा कार्यक्रम तथा आखा शिविर सञ्चालन साझेदारी लगाएतका कार्यक्रम सञ्चालन गर्न रु २७ लाख विनियोजन गरेको छु।

३. नसर्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि आरोग्य केन्द्र, योग ध्यान शिविर, मनोसामाजिक परामर्श तथा गृहिणी भान्सा सुधार कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको प्रवन्ध गरेको छु ।

४. संघ तथा प्रदेश सरकारले लिएको स्वास्थ्य सम्बन्धी नीतिलाई स्थानीयकरण गर्दै परिवार योजना सेवा, क्षयरोग नियन्त्रण कार्यक्रम, मातृ तथा नवशिशु कार्यक्रम, मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथाम कार्यक्रम, प्रजनन् रुग्णता, पूर्ण खोप तथा दिगोपना, महमारी रोग नियन्त्रण कार्यक्रम, खाद्य तथा पोषण कार्यक्रम, उपचारात्मक सेवा, नर्सिङ तथा सामाजिक सुरक्षा कार्यक्रम, स्वास्थ्य व्यवस्थापन कार्यक्रम, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम लगायत स्वास्थ्य शाखा, स्वास्थ्य चौकीमा कार्यरत कर्मचारिहरुको तलव, महङ्गि भत्ता र पोषाक भत्ता जस्ता कार्यक्रमहरुलाई प्रभावकारी कार्यान्वयन गर्न नेपाल सरकारबाट सशर्त अनुदानमा बजेट विनियोजन गरेको छु।

५. बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषण कार्यक्रम तथा पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन तथा सुनौलो हजार दिनका आमाहरुलाई पोषण सुधारका लागि आयआर्जन सुधार अनुदान सहित बहुक्षेत्रिय पोषण कार्यक्रम सञ्चालन गर्न रु. ४१ लाख विनियोजन गरेको छु।

**शिक्षाः**

1. आगामी आर्थिक वर्ष २०८३-८४ शिक्षा सुधारको गुणस्तर सुधार वर्षको रुपमा लिई शिक्षाको गुणस्तर सुधारमा विशेष केन्द्रित भई कार्यक्रमहरु गर्न रु ८३ लाख बजेट विनियोजन गरेको छु।

2. शिक्षा गुणस्तर सुधारको चेतना तथा सोच निर्माणमा सरोकारवालहरुको वडास्तरीय वृहत भेला कार्यक्रम आयोजनाको लागि रु. ४ लाख बजेट विनियोजन गरेको छु।

3. बाँफिकोट गाउँपालिकाको नमूना विद्यालयको रुपमा वीरेन्द्र माद्यामिक विद्यालयलाई छनौट गरी शिक्षाको गुणस्तर तथा पूर्वाधार विकासको लागि रु. ५ लाख रकम विनियोजन गरिएको छ।

4. विद्यार्थीहरुको शारिरिक, मानसिक र संवेगात्मक विकासका लागि नियमित रुपमा सञ्चालन हुने राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनका लागि स्थानीय साझेदारी गर्न रु. १० लाख बजेट विनियोजन गरेको छु।

5. सुरक्षित विद्यालयको अवधारणामा गुणस्तरीय शैक्षिक, भौतिक पूर्वाधार निर्माण तथा मर्मतका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु। शिक्षक दरबन्दी मिलान गरी सामुदायिक विद्यालयहरुमा आवश्यक दरबन्दी नभई आम जनतामा पर्न गएको भार, शिक्षक अपुग भएर आवश्यक न्यूनतम् पाठ्यघण्टा समेत नपुग्ने अवस्थालाई मध्यनजर गर्दै आवश्यकता र औचित्यताका आधारमा स्थानीय शिक्षण सिकाई अनुदान, संघीय शिक्षण सिकाइ अनुदान, बालबिकास सहजकर्ता, विद्यालय सहयोगीको तलब भत्ता तथा पोषाक, भान्से अनुदान लगायत समग्र शिक्षा क्षेत्रतर्फ रु २१ करोड १० लाख रकम विनियोजन गरेको छु।

**यूवा तथा खेलकुदः**

१. पालिकाद्धारा आयोजना गरी युवालाई खेलकुदमा परिचालन गर्न बाँफिकोट भलिवल लिग सञ्चालनको लागि आवश्यक बजेट विनियोजनको व्यवस्था गरेको छु ।

**भाषा तथा सस्कृति**

1. ऐतिहासिक तथा परम्परागत स्थानीय भाषा, कला, संस्कृतिको पहिचान, अध्ययन, संवर्द्धन, संरक्षण, विकास र प्रचार प्रसारका लागि अभिलेखीकरण, पुस्तान्तरण र हस्तान्तरणमा जोड दिएको छ।

2. बाँफिकोट साँस्कृतिक परम्परागत कला संस्कृति संरक्षण तथा संवर्द्धनका लागि बजेट विनियोजन गरेको छ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

१. नेपालको संविधानले व्यवस्था गरेको लक्षित वर्गको हकहितको सुनिश्चित गर्दै लैंङ्गिक समता र समानता, सशक्तिकरण, मूलप्रवाहीकरण र अर्थपूर्ण सहभागिता वृद्धि गर्ने नीति अनुरुप कार्यक्रमहरु सञ्चालन गर्न रु. १६ लाख बजेट विनियोजन गरेको छ ।

२. जेष्ठ नागरिकहरूलाई तिर्थाटन मार्फत पर्यटन प्रवर्द्धन गर्न रु. ४ लाख बजेट विनियोजन गरेको छ।

३. सबै किसिमका लैङ्गिक हिंसा न्यूनिकरण गर्न, हिंसाका सम्बन्धमा सचेतना वृद्धि गरी हिंसामुक्त गाउँपालिका निर्माणका लागि लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान लगायत हिंसा विरुद्धका दिवश तथा अन्य दिवशीय कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरेको छ।

**खानेपानी तथा सरसफाई**

१. सुरक्षित खानेपानीको सुनिश्चितताका खानेपानी तथा सरसफाईमा आवश्यक रकम विनियोजन गरेको छ।

**सभाध्यक्षज्यू,**

**आर्थिक विकासः**

**कृषिः**

१) कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य सुरक्षा, खाद्य संप्रभूताका साथै पोषण सुरक्षा सुनिश्चतताको मान्यता अनुरुप उत्पादक र उपभोक्ताको अधिकार सुनिश्चित गर्ने गरी कृषिमा विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण, प्रविधिकरण र बजारीकरणमा जोड दिन कृषी क्षेत्रमा रु. २४ लाख विनियोजन गरको छ।

२) सडक पहुँचमा नरहेको लेखाबाङको कृषी उत्पादनलाई बजार सम्म पुर्याउन ढुवानी सेवा र सम्बन्धित कार्यको लागि रु ४ लाख बजेट विनियोजन गरेको छ।

३) माटो तथा मल परीक्षण प्रयोगशालामा सबै किसानको सहज पहुंच कायम गरि माटो परीक्षणबाट प्राप्त नतिजा र सुझावका आधारमा माटो सुहाउँदो बाली लगाउने कार्यलाई प्रवर्द्धन गर्न आवश्यक बजेट व्यवस्था गरेको छ।

४) कृषि तथा पशुपंक्षी सम्बन्धी प्राविधिक सेवालाई घरदैलोमै पुऱ्याइनेछ। कृषक तथा कृषक सञ्जालको क्षमता अभिवृद्धिका लागि व्यावहारिक र उद्यमशीलता केन्द्रित तालिम, रेडियो शिक्षा कार्यक्रम, स्थलगत अवलोकन भ्रमण, जस्ता कार्यक्रममार्फत उत्पादन, आय आर्जन, बाली विकास, संरक्षण र व्यवसायीकरणमा जोड दिन बजेटको व्यवस्था गरेको छ।

**पशुपालनः**

१. भेटनरी सम्बन्धी सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक सामाग्रीहरु खरिद, खोप सुदृढिकरण, रोग नियन्त्रण तथा उपचार लगायतका कार्यक्रम सञ्चालन गर्न पशुसेवा तर्फ संघीय सशर्त अनुदान र गाउँपालिकाकोको गरी कुल रु. ११ लाख विनयोजन गरेको छ।

**उद्योग तथा वाणिज्यः**

१. व्यवसायिक सीप विकासमार्फत् पहिचान भएका उद्यमीहरुलाई प्राविधिक सहयोग तथा उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्न, लघुउद्यमीहरुको स्तरउन्नतीका लागि आवश्यकता र पहिचानका आधारमा पुर्नताजगी र एडभान्स सीप विकास तालिम र प्रविधि हस्तान्तरण गर्न लघु उद्यमविकास कार्यक्रमका लागि रु १७ लाख बजेट विनियोजन गरेको छु।

**सहकारीः**

१. सहकारीको नियमन तथा सहजीकरण कार्यलाई प्रभावकारी बनाई समान उद्देश्य र कार्यक्षेत्र भएका सहकारीबीच एकीकरण, कमजोर सहकारीलाई सबलिकरण, निष्क्रिय सहकारी खारेजी र उत्पादनमूलक सक्रिय सहकारीहरुलाई क्षमता विकास तथा प्रोत्साहन गर्न रु २ लाख विनियोजन गरेको छु।

**श्रम र रोजगारीः**

१. राष्ट्रिय रोजगार कार्यक्रमले निर्दिष्ट गरे बमोजिम एक आर्थिक वर्षमा न्यूनतम् १०० दिन बराबरको रोजगारीमा सहभागी गराइ दिगो आयोजनाहरु सञ्चालन गर्नका लागि साझेदारी सहितको रकम रु. २० लाख ९४ हजार विनियोजन गरेको छु।

**पर्यटनः**

१. स्यार्पूताललाई बाँफिकोट गाउँपालिकाको विशेष पर्यटकीय स्थल घोषणा गरी निरन्तर रुपमा स्यार्पूतालमा पर्यटन प्रवर्द्धन र संरक्षण गर्ने कार्यक्रमहरु कार्यान्वयन गरिनेछन् र यस आर्थिक वर्षमा रु. ५ लाख विनियोजन गरेको छु।

**पूर्वाधार विकास**

१. पूर्वाधार विकास तर्फका देहाय बमोजिमका योजनाहरुमा गाउँपालिकाको स्रोतबाट बजेट विनियोजन गरेको छु।

| | |
|---|---|
| **फ्यूचा, कमसेलगैरा ईग्ना सडक निर्माण वडा नं १०** | **7,00,000** |
| **ज्यामिरखोला नयाँबस्ती लोछाबाङ् खानेपानी निर्माण वडा नं ४** | **3,00,000** |
| **भेरीखोला माथिल्लो ठाँटी सडक स्तरोन्नति तथा मोड सुधार** | **7,00,000** |
| **ट्रान्समिटर देखि डारा तर्फ जाने सडक RCC ढलान वडा नं ४** | **5,00,000** |
| **जनएकता मावि लागिम विपद् जोखिम न्यूनिकरण** | **10,00,000** |
| **बलविकास आवि बडगाउँ ५ सौचालय निर्माण** | **3,00,000** |
| **वडा नं ८ सडक निर्माण गर्दा घर जोखिम न्यूनिकरणको लागि वाल निर्माण** | **1,00,000** |
| **सरस्वती आधारभुत विद्यालय खेलमैदान निर्माण र भवन मर्मत** | **2,50,000** |
| **शान्ति आवि शौचालय निर्माण** | **2,50,000** |
| **कालिका आधारभूत विद्यालय दुलिङ्गा शौचालय निर्माण** | **2,50000** |
| **गाउँपालिका प्रशासकीय भवन आवास निर्माण** | **25,00,000** |

**विपद व्यवस्थापनः**

१. विपद पश्चातको खोज, उद्धार, राहत, पुनर्स्थापना कार्यलाई योजनावद्ध व्यवस्थित गर्न पालिका तथा समुदायस्तरसम्म द्रुत प्रतिकार्य टोलीलाई आवश्यक सामग्री सहित तयारी अवस्थामा राखिनुका साथै विपद् व्यवस्थापन तर्फ रु १५ लाख विनियोजन गरेको छु।

**कानून, न्याय तथा असल समाजः**

१) न्यायिक समितिको कार्यप्रक्रिया, न्यायिक निरुपण तथा मेलमिलाप प्रवर्द्धन गर्न, विवाद समाधानमार्फत पिडितलाई न्यायको अनुभूति गराउन न्यायिक समिति, मेलमिलाप केन्द्र गठन, परिचालन र न्यायिक समितिका पदाधिकारीहरु र मेलमिलापकर्तालाई अभिमुखिकरण, न्यायिक इजलास निर्माण, न्यायिक निरुपण सम्बन्धी सरोकारवालासँग अन्तरक्रिया गरी सद्भावयुक्त समाज निर्माण गर्न न्यायिक समिति तथा मेलमिलाप केन्द्रहरुको क्षमता विकास र सबलीकरणका लागि रु. ३ लाख विनियोजन गरेको छु।

**शहिद परिवार तथा द्वन्द प्रभावितः**

१) शहिद परिवार सम्मान कार्यक्रम तर्फ रु. ३ लाख र द्वन्द प्रभावित घाईते अपाङ्ग सहयोग कार्यक्रम तर्फ रु. ५ लाख बजेट विनियोजन गरेको छु।

**पञ्जिकरणः**

१) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत वडा कार्यालयहरुमा आवश्यक प्रविधि र जनशक्तिसहितका पूर्वाधारको परिचालन र उपयोग गरी व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापनलाई सूचना प्रणालीमा आवद्ध गरी अनलाईन प्रणालीमा जान व्यक्तिगत घटना दर्ता र तालिमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

**सुशासन तथा संस्थागत विकास**

1. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेसागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै लगिनेछ। जनताको नजिकमा सरकारको अनुभूति दिलाउन वडा कार्यालयबाट प्रवाह हुने सेवा सुविधालाई छिटो छरितो र व्यवस्थित बनाई सरल र सुशासनयुक्त बनाउन आवश्यक व्यवस्था मिलाएको छु।

2. वडा कार्यालय, स्वास्थ्य संस्थाबाट सम्पादन भएका सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माण सम्बन्धी कार्यको नियमित रुपमा त्रैमासिक प्रगति प्रतिवेदन पेश गर्ने व्यवस्थालाई निरन्तरता दिएको छु।

**मानव संशाधन तथा क्षमता विकासः**

१) जनप्रतिनिधिहरु र कर्मचारीको क्षमता अभिवृद्धि गरी सार्वजनिक सेवा प्रवाहलाई सहज र चुस्त सेवाको अनुभूति गराउनुका साथै जनप्रतिनिधि र कर्मचारीको व्यवसायिकता प्रवर्द्धनका लागि प्रोत्साहन, प्रवर्द्धन र पुरस्कारका साथै क्षमता विकास तालिमको व्यवस्था गरेको छु । कार्यालय र जनशक्तिका लागि चाहिने साधन र स्रोत अभाव हुन नदिने व्यवस्था मिलाएको छु ।

२) राष्ट्रसेवक कर्मचारीहरुको मनोबल वृद्धि गर्न र प्राविधिक तथा अन्य कर्मचारी र शिक्षकको क्षमता बृद्धि गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहन, कामसँग सम्बन्धित विषयमा अभिमुखीकरण, तालिम लगायत कर्मचारीहरुको क्षमता विकास, अध्ययन भ्रमण, सीप विकास जस्ता क्षेत्रमा बजेट व्यवस्था गरेको छु ।

३) अन्य स्थानीय तह तथा संघसंस्थाहरुले गरेका असल अभ्यास तथा उपलब्धिबाट सिकाइका लागि अध्ययन, भ्रमण कार्यक्रमहरु मार्फत अनुभव आदान प्रदान सम्बन्धी कार्यक्रमलाई जोड दिदै बाँफिकोट गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारी अवलोकन भ्रमणको कार्यक्रमतर्फ आवश्यक बजेट विनियोजन गरेको छु।

४) सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई बजारको महगिंलाई मध्यनजर गर्दै खाइपाइ आएको सेवा सुविधा वृद्दि गर्ने संघीय सरकारको निर्णयलाई कार्यान्वयन गर्ने गरी बजेटको प्रवन्ध गरेको छु ।

५) बाँफिकोट गाउँपालिका अन्तर्गतका सम्पुर्ण करार, ज्यालादारीमा विगत ५ बर्षदेखि कार्यरत कर्मचारीहरुले खाईपाई आएको तलबमा एक मुष्ट मासिक रु. १५ सयले बृद्दि गरेको छु र ५ बर्ष भन्दा बढी समयावधि देखि कार्यरत सेवा करारका कर्मचारीहरुको जेष्ठता कार्यसम्पादनमा आधारित तलब समायोजन गरिनेछ । बाँफिकोट गाउँपालिका अन्तरगतका करार शिक्षकहरुको हकमा खाईपाई आएको तलबमा एक मुष्ट मासिक रु. १५ सयले बृद्दि गरेको छु र मर्जर तथा अनुदान दरबन्दि कटौती र समायोजन गरी सोका आधारमा सेवा वृद्दि गर्दै लैजान आवश्यक व्यवस्था गरिने छ ।

**सभाध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म वडाहरुबाट प्रस्ताव गरिएको विनियोजित बजेट शीर्षक र रकम प्रस्तुत गर्दछुः

| वडा नं १ | |
|---|---|
| जनभावना आ.वि. घेरवार निर्माण | 2,00000 |
| खानेपानी मुहान मर्मत सम्भार | 1,50,000 |
| ग्रामिण सडक मर्मत सम्भार | 2,50,000 |
| ग्रामिण सडकमा सल्याप तथा कजव्य निर्माण | 3,50,000 |
| पुमाखोला जलविद्युत अर्थिङ निर्माण | 2,50,000 |
| पाठघर तथा कृयापुर्ति भातखुवाउने ट्रस् निर्माण ३ वटा | 3,00,000 |
| पशु नस्ल सुधार रांगा / बोका खरिद ५०% अनुदान | 1,00,000 |
| रेवतटोल नहर निर्माण | 2,00,000 |
| जनएकता मा.वि. कक्षाकोठा तथा शैक्षिक सुधार कार्यक्रम | 2,00,000 |
| स्वस्थ्य कार्यालय र्याक,टेबल, वेड निर्माण | 30,000 |
| कार्यालय सञ्चालन खर्च | 1,50,000 |
| खेलकुद फिल्ड मर्मत | 1,50,000 |
| विविध खर्च(लैङ्गिक समानता सामाजिक साँस्कृतिक रुपान्तरणमा टेवा पुर्याउने व्यक्तिलाइ सम्मान तथा अन्तरक्रिया/खाजा खर्च समेत) | 36,000 |
| ज्येष्ठ नागरिक प्रतिक्षालय निर्माण | 50,000 |
| दलित साक्षतकार क्षमता अबिवृद्धी | 30,000 |
| सुचना सञ्चार कटुवाल प्राश्रमिक | 24,000 |
| वडा नं २ | |
| पोषण सचेतना कार्यक्रम | 30,000 |
| पिपल स्वास्थ्य चौकीमा ईन्भर्टर र अटोक्लेभ खरिद | 1,70,000 |
| पिपल स्वास्थ्य चौकीको बर्थिङ्ग सेन्टरमा सुर्केरी हुने आमाहरुलाई खाना खर्च | 20,000 |
| नसर्ने रोगहरु चेकजाँचको लागी घरभेट कार्यक्रम | 50,000 |
| ३५ दिने सुत्केरी आमाहरुलाई पोषण कार्यक्रम (१ क्यारेट अन्डा र १ लिटर तेल) | 85,000 |
| मुरापाटा देखी गैरीगाँउ सडक निर्माण | 2,00,000 |
| महिला स्वास्थ स्वयंम सेविकाहरुलाई मासिक रु ४०० का दरले रिचार्ज | 33,600 |
| आरण सुधार कार्यक्रम | 50,000 |

| | |
|---|---|
| एकिकृत घुम्ति शिविर (नागरिकता मतदाता नामवली संकलन राष्ट्रिय परिचयपत्र) | 2,50,000 |
| बाँफिकोट गाँउपालिका वडा नं २ को बृत्तचित्र (Documantary Video) निर्माण | 2,00,000 |
| वडा कार्यालय व्यवस्थापन | 1,00,000 |
| युवा तथा खेलकुद कार्यक्रम | 1,00,000 |
| सडक सरसफाई | 4,00,000 |
| कार्यालय संचालन तथा अन्य | 2,50,000 |
| सुनौलो बिहानी स्वास्थ्य आमा समुह भवन निर्माण | 1,50,000 |
| गोल्खारा मार्जु घोरेटो बाटो निर्माण | 2,50,000 |
| द्वारेगैरा लामचौर सिँचाई आयोजना | 1,50,000 |
| दहअनाउ कुनाखेत सडक निर्माण आयोजना | 3,37,000 |
| लामचौर टाङ्सी खोपीखेउ खानेपानी निर्माण | 1,00,000 |
| वडा नं ३ | |
| वडा कार्यालय सन्चालन तथा कम्प्युटर प्रिन्टर खरिद | 3,00,000 |
| वडाका सबै सडक मर्मत सम्भार | 1,90,000 |
| जनविकास आधारभुत विद्यालय भाग्ले शौचालय र खानेपानी निर्माण | 3,50,000 |
| जनविकास आधारभुत विद्यालय भाग्ले कम्प्युटर प्रिन्टर खरिद | 1,00,000 |
| जनहित आधारभुत कोलचौर शौचालय र घेराबार | 3,00,000 |
| चप्लेटा सिँचाई नहर निर्माण | 1,00,000 |
| चुसक्या खेत सिँचाई नहर डार्ने | 2,50,000 |
| पोलाखस्ने नेपाने पाईप सिँचाई निर्माण | 4,00,000 |
| खिरखाने ढुङ्गा सिउवाङ्ग गोरेटो बाटो | 1,50,000 |
| तल्लो झिम्रु बाटो निर्माण | 3,00,000 |
| पैयाबारा सडक बाटो निर्माण | 2,00,000 |
| वडाको कार्यालय व्यवस्थापन | 3,00,000 |
| वडा नं ४ | |
| वडा कार्यालय सञ्चालन मसलन्द | 2,00,000 |
| वडा कार्यालय व्यवस्थापन | 2,00,000 |
| सडक बाटो मर्मत सम्भार | 3,00,000 |
| वडा स्तरीय खेलकुद तर्फ | 1,00,000 |
| इलाका प्रहरी कार्यालय बाँफिकोट र अस्थायी प्रहरी पोष्ट छिन्खेतलाइ प्रिन्टर र कुर्सी खरिद | 50,000 |
| बाँफिकोट स्वास्थ्य चौकी बर्सिङ सेन्टरमा टायल लगाउने | 1,50,000 |
| बालकल्याण मा वि सिम्तारु कार्यालय व्यवस्थापन | 4,50,000 |
| सिम्तारु खानेपानी पाइप खरिद | 1,00,000 |
| नेटा बजार देखी महादेवथान सम्म सिडि बाटो निर्माण | 2,00,000 |

| | |
|---|---|
| **धुपीबोट देखी भुवाटाकुरा सम्म सिडि बाटो निर्माण** | **50,000** |
| **दाङ लाखुरीबाटे देखी पालिका सम्म सिडि बाटो निर्माण** | **1,00,000** |
| **रोटेपानी मुल सुधार** | **1,00,000** |
| **साउनेपानी मुल सुधार** | **50,000** |
| **दाङ सडक देखी पालिका सम्म सिडि बाटो निर्माण** | **1,00,000** |
| **पालिका देखी दलित भवन सम्म बाटो निर्माण** | **64,000** |
| **चन्द्रज्योति शौचालय घेरावार निर्माण** | **2,00,000** |
| **बालुवाचौर सिचाइ मर्मत** | **2,00,000** |
| **लोछावाङ खानेपानी मर्मत** | **1,50,000** |
| **लोछावाङ देखी भुवाटाकुरा सम्म गोरेटो निर्माण** | **1,00,000** |
| **वडा नं ५** | |
| **आधारभुत स्वास्थ्य सेवा केन्द्रमा कार्यालय सञ्चालन तथा समाग्री खरिद** | **1,00,000** |
| **लेखाबाङ्ग विकट आधारभुत विद्यालयमा शिक्षण सिकाई अनुदान** | **2,00,000** |
| **किमुटाकुरा आधारभुत विद्यालयमा पहिरो व्यवस्थापन** | **2,50,000** |
| **श्री रत्न आधारभुत विद्यालय बाँफिकाँडामा शिक्षण सिकाई अनुदान** | **2,00,000** |
| **बालविकास आधारभुत विद्यालय बडागाउँमा शिक्षण सिकाई अनुदान** | **3,00,000** |
| **सडक मर्मत तथा सम्भार** | **4,00,000** |
| **तुसारे पानी मुल सुधार तथा पाइप लाईन मर्मत आयोजना** | **1,50,000** |
| **कार्यालय सञ्चालन तथा विविध खर्च** | **4,50,000** |
| **कमेरिखानी काँडा क्रियापुर्ति भात खाने टहरो निर्माण** | **1,50,000** |
| **खोलीबडागाउँ क्रियापुर्ति भात खाने टहरो निर्माण** | **1,50,000** |
| **महिला स्व से वि काहरुलाई सञ्चार खर्च** | **1,50,000** |
| **भैपरि आउने खर्च व्यवस्थापन** | **24,000** |
| **वडा नं ६** | |
| स्थानीय स्रोत साधनको प्रयोग गरी युवालाइ उद्यमशिलता तालिम | **1,00,000** |
| पधेरा टोल खानेपानी निर्माण | **1,00,000** |
| लक्ष्मी आ बि जिपसिङ घेरबार मर्मत | **1,50,000** |
| बल्हान्न आ बि घेरबार निर्माण | **1,50,000** |
| खरखरे खानेपानी निर्माण | **1,00,000** |
| वडा खेलकुद कार्यक्रम | **50,000** |
| कालेढार शान्ती विद्यालय हुदै लुयासा सडक निर्माण | **5,50,000** |
| बडागाइखीला - मसानघाट शौचालय र खानेपानी निर्माण | **1,50,000** |
| पञ्चेबाजा खरिद | **50,000** |
| पशु प्रोत्साहन कार्यक्रम | **50,000** |
| बाँफिकोट ६ मग्माको राजनैतिक इतिहास संकलन | **50,000** |

| | |
|---|---|
| छिपा खानेपानी योजना | 4,00,000 |
| कार्यालय संचालन तथा मसलन्द | 2,00,000 |
| स्थानिय सडक मर्मत | 2,00,000 |
| कृषि सामग्री खरिद | 1,00,000 |
| शिक्षा अतिरिक्त क्रियाकलाप | 1,00,000 |
| महिला हिंसा बालबिवाह न्युनिकरण र छुवाछत सम्बन्धी कार्यक्रम | 1,00,000 |
| थाङ्ना पोल्ने कुवापानी कैछयान मागरम स्याला गोरेटो बाटो मर्मत | 3,00,000 |
| **वडा नं ७** | |
| नदुवा पोखरी सडक निर्माण | 5,00,000 |
| गैराखोला दुवानाथ सडक मर्मत | 2,00,000 |
| भम्पुचौर पिक्निक पार्क व्यवस्थापन | 5,00,000 |
| दोवाटाचौर कुनावाङ सडक मर्मत | 1,25,000 |
| तीनखोली बाँस्थला खानेपानी मर्मत | 1,40,000 |
| पानीमेला खार सडक विस्तार | 1,50,000 |
| ग्रमीण सडक सरसफाइ | 3,00,000 |
| वडा कार्यालय मसलन्द | 2,30,000 |
| महिला समुहको लागी पञ्चेबाजा खरिद | 1,00,000 |
| नाउला खानेपानी मुल संरक्षण | 1,50,000 |
| पर्वतेपानी गाँराबाज खानेपानी मर्मत | 50,000 |
| हिमालय आ वि गोरेकाँडा हिलटेक खरिद तथा कक्षा व्यवस्थापन | 50,000 |
| अगुवा किसान प्रोत्साहन कार्यक्रम | 24,000 |
| वडा स्तरिय खेलकुद | 50,000 |
| वडा न ८ | |
| मग्मा दामाचौर दुलि पोखरा दहनेटा डारुगाउँ रिलु स्याला ओकधारा मैनरी सडक मर्मत तथा स्तरोन्नति | 13,00,000 |
| दुली पोखरा मैनरी कुरीवन वोरागाउँ खानेपानी मर्मत | 2,00,000 |
| युवा तथा खेलकुद कार्यक्रम | 2,00,000 |
| वडा कार्यालय संचालन | 2,00,000 |
| श्री ने रा मा बि दुलि पोखरा १-३ कक्षाकोठा ब्यवस्थापन | 1,00,000 |
| श्री काँशपोखरी आधारभुत बिद्यालय १-३ कक्षाकोठा ब्यवस्थापन | 1,00,000 |
| श्री बालकल्यान आधारभुत विद्यालय १-३ कक्षाकोठा ब्यवस्थापन | 1,00,000 |
| श्री जनजागृती आधारभुत विद्यालय १-३ कक्षाकोठा ब्यवस्थापन | 1,00,000 |
| **वडा नं ९** | |
| तार्सिबाङ्ग साधनमुरा सिचाई मर्मत तथा निर्माण | 4,00,000 |
| सडक मर्मत सम्भार | 3,50,000 |

| | |
|---|---|
| वडा कार्यालय सन्चालन | **2,00,000** |
| कौछ्यान खानेपानी निर्माण | **1,50,000** |
| जनकल्याण मा.वि.फर्निचर निर्माण | **1,50,000** |
| वाल सेवा आ.वि. रेलिङ्ग तथा च्यानल गेट निर्माण | **1,00,000** |
| तिरुवा खानेपानी वितरण पाईप लाईन खरिद | 1,00,000 |
| शर्मा मन्दिर घेरबार घेरबार | **1,00,000** |
| संघर्ष आधारभूत स्वास्थ्य सेवा केन्द्र ल्याप्टपखरिद ईन्टरनेट जडान | **75,000** |
| आर्यघाट निर्माण | **95,000** |
| बराथान प्रतिक्षालय निर्माण | **75,000** |
| नाईके टोल मन्दिर निर्माण | **50,000** |
| भारिखोला टोल मन्दिर निर्माण | **50,000** |
| गाराघाट खानेपानी पाईप खरिद तथा मर्मत | **50,000** |
| शिशुसाक्षर आ.वि. | **50,000** |
| स्यालापानी खानेपानी मर्मत | **2,00,000** |
| शहिद भवन मर्मत | **50,000** |
| महिला भवन कार्यालय ब्यबस्थापन तथा मर्मत | **50,000** |
| स्यालाखेत सामाजिक कार्यका लागि भाडा खरिद | **1,00,000** |
| वडा न १० | |
| **कुइरेपानी मुल सुधार योजना** | **1,00,000** |
| **भङखोला पुरानो ठाँटी खानेपानी मर्मर्त** | **1,50,000** |
| **तल्लो ठाँटी मछिन्द्र आवि वडा कार्यालय सडक निर्माण** | **4,00,000** |
| **नौलापाखा तल्लो जारे सडक निर्माण** | **4,00,000** |
| **कोलबोट मयरी सडक निर्माण** | **4,00,000** |
| **वडामा भएका विकास निर्माण कार्यको भिडियो डकुमेन्ट्री** | **1,50,000** |
| **१० नं. वडाका सडक मर्मत सम्भार** | **3,00,000** |
| **पाइप खरिद** | **40,000** |
| **माथिल्लो सेजे धवलगैरी गोरेटो बाटो निर्माण** | **1,20,000** |
| **जेष्ठ नागरिक सम्मान कार्यक्रम** | **20,000** |
| **वडा स्तरिय खेलकुद कार्यक्रम** | **1,00,000** |
| **भिराडाँडा फेरा सडक मोड सुधार** | **1,00,000** |
| **चालु खर्च कार्यालय संचालन** | **2,00,000** |
| **शिव मन्दिर निर्माण नयाँठाँटी** | **2,00,000** |
| **सामुदायिक स्वास्थ्य इकाइ नयाँठाँटी कार्यालय व्यवस्थापन** | **50,000** |
| **झुला स्वास्थ्य चौकी गाराबाङ कार्यालय व्यवस्थापन** | **31,000** |

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८३/८४ को बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना देहाय बमोजिम रहेको छ। आर्थिक वर्ष २०८३/८४ का लागि रू. ५० करोड ३४ लाख ५९ हजार ६ सय रुपैयाँ विनियोजन गरिएको छ। कुल विनियोजनमध्ये चालुतर्फ रु. ३६ करोड ६५ लाख रुपैयाँ मात्र पूँजीगततर्फ रु. १३ करोड ६९ लाख ५९ हजार ६ सय रुपैया मात्र रहेको छ।

आगामी आर्थिक वर्ष २०८३/८४ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरुमध्ये आन्तरिक राजश्वबाट रू. ९० लाख रुपैयाँ, राजस्व बाँडफाँड बाट रु. १० करोड ४७ लाख ७५ हजार ४ सय ५६ रुपैयाँ तथा चालु आर्थिक वर्षको अनुमानित मौज्दात रु.१ करोड ६९ लाख ५२ हजार १ सय ४४ रुपैयाँ, वित्तीय समानीकरण अनुदानबाट रू. ९ करोड ८८ लाख ३२ हजार, सःशर्त अनुदानबाट रू. २४ करोड ६४ लाख, समपुरक अनुदानबाट रु. १ करोड ८० लाख, विशेष अनुदानबाट ९५ लाख स्रोत व्यहोरिने अनुमान गरिएको छ।

आर्थिक वर्ष २०८३/८४ का लागि गैरसरकारी संस्थाहरुको वार्षिक कार्यक्रम सहित बजेट प्रस्ताव प्राप्त भएको छ। उक्त बजेट रकम गाउँपालिकाको वार्षिक विकास कार्यक्रममा समावेश गरी प्रकाशन गर्ने व्यवस्था मिलाएको छु।

**अध्यक्ष महोदय तथा गाउँसभा सदस्यज्यूहरु,**

अन्त्यमा,

बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नहुने गाउँपालिका अध्यक्ष, कार्यापालिका सदस्य, गाउँसभाका सदस्यहरु, राष्ट्रसेवक कर्मचारीहरु, राजनैतिक दलका नेतृत्वहरु तथा पदाधिकारीहरु, विकास साझेदार, निजी क्षेत्र, पत्रकार र सम्पूर्ण बाँफिकोट गाउँपालिकाबासि आमा, बुवा, दाजुभाई तथा दिदिबहिनीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु।

साथै, प्रस्तुत बजेटबाट मार्गनिर्देशित गाउँपालिका निर्माणको यात्रामा सबै राजनैतिक दलहरु, निजी क्षेत्र, किसान, श्रमिक वर्ग, युवा तथा प्रवासि नेपाली र सम्पूर्ण नागरिकहरुलाई सहकार्य, सहभागिता र एकताको साझा भावना सहित, साथ र सहयोग गर्नुहुन हार्दिक अपिल गर्दछु।

धन्यवाद् !